# मानदेवका पालाको विमलसङ्घको अभिलेखको यथार्थ अर्थ र व्याख्या

(वि. सं. ५४३)

**- ज्ञानमणि नेपाल**

पशुपति चौपाटन मूलराजमार्गबाट पूर्वतर्फ दक्षिणामूर्ति निस्कने ओह्रालो गल्लीमा दायाँपट्टी गहिरोमा बिना मन्दिरको लिच्छविकालिक सुन्दर शिवलिङ्ग रहेको छ । यसको जलहरीमा अभिलेख कुँदाएर सार्थवाह रत्नसङ्घले रत्नेश्वर महादेवको स्थापना गरेका थिए ।[१] यसको आसपासमै उनै सार्थवाह रत्नसंघले बाबु प्रभु सङ्घको नाउँमा प्रभुकेशवर शिवलिङ्ग स्थापना गरेका थिए ।[२] त्यहींनेर बारीमा हालसालै अर्थात् २०५७ वैशाखमा घर बनाउन भनेर एकजना व्यक्तिले जग खन्दा त्यस्तै प्रकारको प्राचीन अभिलेखयुक्त जलहरीसहितको शिवलिङ्ग भूगर्भमा पुरिरहेको फेला पऱ्यो । सो जलहरीयुक्त शिवलिङ्गलाई भिकेर मन्दिरविहीन शिवलिङ्गको छेउको साँघुरो पेटीमा थन्क्याएर घर बनाइएछ । सो समाचार पाएपछि पुरातत्त्व विभागद्वारा सो अभिलेख पढी २०५७ वैशाख ३० गतेको गोरखापत्रमा त्यसको विवरण छापियो, सोको सारांश यस्तो थियो:-

"पशुपतिक्षेत्र चौपाटनस्थित रत्नेश्वर शिवलिङ्ग नजिकै शारदा अधिकारीले घर बनाउन जग खन्दा फेला परेको अभिलेख नेपालको प्राचीन इतिहाससम्बन्धी थप जानकारी पाउन उपयोगी हुने देखिन्छ ।...

...वि.सं.५४१ पनि आउने अभिलेखको प्रारम्भमा 'सम्वत् ४०७ आषाढ शुक्ल प्रतिपदा' उल्लेख गरिएको र अभिलेखमा राजा मानदेवको नाम पनि उल्लेख छ । सो अभिलेखमा बोशिङ्ग्राम दयितापल्लि प्रदेश थोमृङ्ग्राम- जस्ता ठाउँको नाउँ पनि पहिलो पटक देखापरेको छ ।

... अभिलेखको मुख्य विषयमा तात्कालिक एक सार्थवाह (व्यापारीका नाइके) ले आफू एवं राजाको पुण्य अभिवृद्धिको कामना गरी शिवलिङ्ग स्थापना गरेको र शिवलिङ्गको आयस्ताको लागि विभिन्न ठाउँमा भूमिहरू प्रदान गरिएको उल्लेख छ ।"[३]

पुरातत्त्व विभागद्वारा प्रेषित राससको यस विवरणको तत्काल हप्तादिन बित्तानबित्तै यसको कडा शब्दमा खण्डन गर्दै सुदर्शनराज तिवारीले गोरखापत्र ०५७ जेठ ७ गतेमा यस्तो प्रतिक्रिया प्रकाशित गराए । सो यसप्रकार छ-

"वैशाख - ३ गते उत्खनित (?) अभिलेख सहितको शिवलिङ्ग २७ दिनपछि राससका लागि समाचार बन्न पुगेको छ र गोरखापत्रमा वैशाख ३० गते प्रकाशित भएको छ । पुरातत्त्वविभागको हवाला दिदै राससद्वारा वितरित (?) खवरले मूल कुराहरू गलत तथा भ्रामक भएको मेरो पूर्व लिच्छवि लिपि तथा संस्कृत भाषाको सीमित दखल मात्रको आधारमा समेत स्पष्ट देखिएको हुनाले यो पत्र लेखिएको हो । सो अभिलेख सहितको शिवलिङ्ग कुनै सार्थवाह वा व्यापारिले राखेको नभई महेश्वर राजा धम्मर (धर्म्म) देवका छोरा मानदेवले स्थापना गरेका हुन् भन्ने कुरा अभिलेखमै उल्लेखित (?) छ । शिलालेखको ५ सोभ्रो हरफका साथ एक थप पंक्ति तेर्सो पारी कुँदिएको छ । अभिलेखको व्यहोरा यस्तो अर्थ हुन्छ" -

"जल्लादको भाग बन्न गएका दिवंगत महेश्वर धम्मर(धर्म्म) देवको पुण्यतिथि आषाढ शुक्ल प्रतिपदा सम्वत् ४०७ मा दु:खित राजा मानदेव नौकुण्डमा घ्यू पात्रहरू राखी काटिएको देहको उद्धार गर्न १०० चक्र दक्षिणा (अर्पण) गर्छन् । ज्योतिषाचार्यको राय तथा केदार नाम गरेको बाहुनको रायवाट अन्धो भएर आफैले काटेपछि रगत वग्दा भरेको टाउकोमा

बिरामीलाई देखें, अब तिमीलाई पाउँ (हेरुँ) कहाँ ? श्रीमानदेवको मनको देव सत्य उजागर गर्ने इच्छा तथा सबैको डर रिस र दुःख तीनवटै हटाउनको लागि साथै राजाहरूको समक्ष बढाउँन र भविष्यमा फेरि कुरा नदोहोऱ्याउन आमा राज्यवतीले दिएकी निर्मल भक्ति रूपमा सबै लोकमा शिव शिव ।

जगा ठुमैशिध ग्रामको दक्षिण प्रदेशमा २०० रोपनी आयस्ता १००। तसर्थ शिलालेखबाट मानदेवले आफ्नो बाबुलाई काटेका थिए भन्ने कथा सत्य भएको स्पष्ट पार्दछ । यो कार्य ज्योतिषाचार्य तथा राजपुरोहितहरूले गराएका थिए"।[४]

यसरी नयाँ प्राप्त लिच्छविकालिक यस अभिलेखको तात्कालिक एक सार्थवाहले आफ्नो राजा मानदेवको पनि पुण्यवृद्धि होस् भनी स्थापना गरी गूठी समेत राखेको छ भन्ने कुरा पुरातत्त्व विभागबाट प्रकाशमा ल्याएपछि यसको खण्डन गर्दै सुदर्शनराज तिवारीले अभिलेख व्यापारीको होइन, स्वयं राजा मानदेवको हो, यसमा उनले आफ्ना बाबुलाई काटेको कुरा छ भनी आफ्नो लिपि ज्ञान र संस्कृतभाषाको 'सीमित' ज्ञानको आधारमा प्रतिक्रिया व्यक्त गरेका थिए ।

यसपछि यसमा अरूले चासो दिएको देखिएन । पुरातत्त्व विभागकै लिपिविशेषज्ञ श्यामसुन्दर राजवंशीले तिवारीको उपर्युक्त प्रतिक्रियालाई "अत्यन्त भ्रामक, अविश्वसनीय, एवं मनगढन्ते" कुराले प्रश्रय पाउने हो कि ? भनेर विमलसंघको सो अभिलेखको पाठ रोलम्ब पत्रिकाको 'मिलिनियम् इस्यु' मा तुरुन्तै छापिदिए ।[५]

परन्तु तिवारीले राजवंशीको पाठलाई पनि स्वीकार गरेनन्, अर्थ पनि बुझेनन् र गतवर्ष प्रकाशित उनको 'व्रिक एण्ड बुल' भन्ने अंग्रेजी किताबमा अभिलेखको अत्यन्तै भ्रामक भ्रष्ट अशुद्ध पाठ पढी अर्थ माथि उल्लिखित गोरखापत्रको प्रतिक्रिया बमोजिम नै दिएका छन् ।[६] यसपछि राजवंशीले "ब्रिक एण्ड बुल", भन्ने पुस्तकबाट त मनगढन्ते कथाले नै नेपालको इतिहासमा प्रश्रय पाएको देख्ता विद्वज्जगत् नै आश्चर्यमा परेको" ठानी यो विवरण सहित "संवत् ४०७ को विमलसंघको शिवलिङ्ग र त्यसमा अंकित दुरुस्त अभिलेख" भन्ने लेख 'प्राचीन नेपाल' मा प्रकाश गरेर अर्थ पनि दिने प्रयास गरेका छन् ।

अझै पनि यस शिलालेखको दुरुस्त पाठ र यथार्थ अर्थ खुल्न सकेको देखिएन र पाठकले यो शिलालेख पढेर वास्तव सही अर्थ खुट्याउन पाएका छैनन् । सुदर्शनराज तिवारीले पढेको पाठ र अर्थ त साँच्चै 'मनगढन्ते', 'भ्रामक' नै हो, त्यसबाट नेपालको इतिहासको तत्थ्य खोज्ने परम्परा नै दूषित हुने खतरा निश्चित छ । त्यसबारेमा यहाँ धेरै परिचर्चा गरिरहनु व्यर्थ छ । यस अभिलेखको तिवारीले पढेको भ्रष्ट पाठ र भ्रामक अर्थ उनकै पुस्तक 'व्रिक एण्ड बुल'मा छापिइसकेकै छ । यहाँ दोहोऱ्याइ रहनु आवश्यक देखिएन । राजवंशीकै पाठ पढाइमा पनि पूर्णता नपाएको र अर्थ गराइमा पनि केही डोठ्याङ पर्न आएको देखी पुनः यस अभिलेखको पूर्ण शुद्ध पाठ र यथार्थ अर्थ, व्याख्या गर्नुपर्ने आवश्यक महसुस गरी यो विवरण प्राक्कथनमा राखी अब अभिलेखको मूल, अर्थ, व्याख्यातिर दृष्टि दिनुपरेको छ ।

## मानदेवका पालाको विमलसङ्घको शिवजलहरीको अभिलेख (वि.सं.५४३)

### मूलपाठ

१. संवत् ४०७ आषाढमासे शुक्लपक्षदिवसे प्रतिपदि ।
निर्द्दन्तको[१] नाम गणो नियोगाद्
देवातिदेवस्य महेश्वरस्य
सन्तप्तजाम्बूनदसिन्धुव(र्ण्णे[२])
कुलेभिजज्ञे[३] भुवि लिच्छवीनाम् (१)

२. उच्छ्रायतो[४] यो नवकिष्कुमात्रो[५]
धात्रा निसृष्टो जगतो हिताय
यस्योरसो दक्षिणतश्च चक्रम्
चिह्नं[६] (ह्णं) सुरैर्द्दत्तमतीव भाति[७] २

३. यो विप्रकेदारमुखेष्वभीक्ष्णम्[८]
हिरण्यवृष्टिं विसृजत्यनल्पाम्[९]
पुण्याय तस्योत्तमपुण्यकीर्त्तेः[१०]
श्रीमानदेवस्य हिताय चैव ३

४. सार्त्थवाहसुतेनात्र[११] संसारभयभीरुणा
दुःखत्रयनिवृत्य(त्त्य)र्त्थम् भूपतेः पुण्यवृद्धये (४)[१२]
भगवां स्थापितः सम्यक् ४ राज्ञः[१३] पादप्रसादतः
भक्त्या विमलसङ्घेन

५. सर्व्वलोकशिवः शिवः ५
क्षेत्रं यथा बोशिङ्ग्रामदक्षिणप्रदेशे
शतद्वयस्य भूमिः२०० भूय (स्) तत्रैव पञ्चा
शतो भूमिः ५० दयितापल्लिप्रदेशे

६. अशीते[१४] भूमिः ८० थेम्मृङ्ग्राम पूर्व्वप्रदेशे शतद्वयस्य भूमिः २०० भूय (स्) तत्रैव पञ्चाशतो भूमि(ः) ५०

---

**राजवंशीको पाठ-** *१. निद्दर्न्तकौ, २. जाम्बुनद सिछ वनम्, ३. कुलभि जज्ञ । (पहिलो पद्यको यो चौथो पाउ अभिलेखको दायाँपट्टि फट्कैमा कुदिएको छ ।) ४. दच्छ्रयतो । ५. मत्रा । ६. फिर्ण्णं । ७. वा भति । ८. स्वभीक्ष्णाम्, ९. वृष्टि विर्सजत्यानल्याम्, बा दृष्टि विसृज तयान ल्याम् । १०. कीर्तिः । ११. सुतेनात्रि । १२. (यो श्लोकसंख्या मूलमा तल्लो पद्यको पहिलो पाउमा परेको छ ।) १३. सम्यक ४ - राज्ञ । १४. असीते ।*

**पद्यको अन्वयः-**

देवातिदेवस्य महेश्वरस्य नियोगाद्
निर्द्दन्तक : नाम गणः भुवि लिच्छवीनाम् सन्तप्त
जाम्बूनदसिन्धुवर्णे कुले अभिजज्ञे
जगतः हिताय धात्रा निसृष्टः यः उच्छ्रायतः नव
किष्कुमात्रः (वर्त्तते), यस्य उरसः दक्षिणतः

सुरैः दत्तं चक्रं चिह्नम् अतीव भाति ।
यः पुण्याय विप्रकेदारमुखेषु अनल्याम् हिरण्यवृष्टिम्
अभीक्षणम् विसृजति । उत्तमपुण्यकीर्त्तेः तस्य भूपतेः श्रीमान
देवस्य हिताय पुण्यवृद्धये एव अत्र संसार
भयभीरुणा सार्थवाहसुतेन विमलसङ्घेन दुःख
त्रयनिवृत्त्यर्थं राज्ञः पादप्रसादतः भक्त्या भगवान्
सर्वलोकशिवः शिवः सम्यक् स्थापितः

**शिलालेखको संस्कृतमा अर्थ-**

देवातिदेवस्य, देवानामपि देवः, देवाधिदेवः, तस्य महेश्वरस्य, महादेवस्य नियोगात् आदेशात्, निर्द्दन्तकनामा तस्यैव महेश्वरस्य गणदेवः भुवि, पृथिवीतले लिच्छवीनाम्, लिच्छविनामवंशजातानां राज्ञां सन्तप्तजाम्बूनदसिन्धुवर्णे, प्रमृष्टकनकश्लक्ष्णावदातरुचि कुले अभिजज्ञे अभिजातः - महेश्वरस्यादेशेन तस्य गणदेव एव भुवि नररूपेण, महति राजकुले अवतीर्ण इति भावः । अथ तस्य शरीरप्रमाणं चिह्नं च कथयति । जगतो हिताय लोकरक्षणार्थं धात्रा भगवता ब्रम्हणा सृष्टः । यो राजा उच्छ्रायतो देहोच्चतायां नवकिष्कुमात्रः नववितस्त्युच्छ्रितः वर्त्तते, किष्कुर्वितस्तौ हस्ते च इति- विश्वप्रकाशः । सकनिष्ठाङ्गुष्ठे विस्तृते वितस्तिरित्यमरः । यस्य राज्ञः उरसो दक्षिणतः उरसोऽधस्तात् सुरैर्दत्तं चक्रं चिह्नं च अतीव भाति, शोभते । एतेनास्य राज्ञ : श्रीवत्साङ्कितस्य विष्णोः सादृश्यमपि सूचितम् ।

यो राजा पुण्याय धर्मकार्याय विप्रकेदारमुखेसु विप्ररूपिक्षेत्रमुखेषु, अनल्याम् प्रचुरां हिरण्यवृष्टिं स्वर्णमयीं वर्षाम् अभीक्षणम् निरन्तरं विसृजति, वर्षयति, अथवा पुण्यकार्यार्थं केदारादिषु विप्रवर्यमुखेषु सुवर्णमयीं वृष्टिमेव करोतीति ।

उत्तमपुण्यकीर्तेः महनीयपुण्यकर्मणा विवृद्धयशसः तस्य राज्ञः मानदेवस्य हिताय कल्याणाय पुण्यवृद्धये चैव, अत्र अस्मिन् लोके संसारभयभीरुणा जन्ममरणादिसांसारिकदुःखभयत्रस्तेन सार्थवाहसुतेन वणिकपुत्रेण विमलसङ्घेन दुःखत्रयनिवृत्त्यर्थं जन्मजरामरणादिसांसारिकदुःखनिवृत्त्या मोक्षपदप्राप्तये राज्ञः मानदेवस्य

पादप्रसादतः चरणप्रसादात् भक्त्या भक्तिपूर्वकं सर्वलोकशिवः सम्पूर्णविश्वजनकल्याणकारी भगवान् परमेश्वरः शिवः सम्यक् संस्थापितः ।

अस्यैव भगवतो महादेवस्य नित्यनैमित्तिकपूजादिकर्मसम्पादनाय क्षेत्रं दत्तं, यथा -

बोशिङ्ग्रामदक्षिणप्रदेशे शतद्वयस्य भूमिः (अङ्केऽपि) २०० भूयः तत्रैव पञ्चाशतो भूमिः ५० दायितापल्लिप्रदेशे अशीतेर्भूमिः ८० थेम्मुङ्ग्रामपूर्व्वप्रदेशे शतद्वयस्य भूमिः २०० भूयः तत्रैव पञ्चाशतो भूमिः ५०

एतावत्सर्वभूमिपरिमितिरशीत्यधिकपञ्चशती (५८०) एकभूमिप्रमाणं रोपणीति गणनया रोपणीपरिमितिरपि तावत्येव । भूमेर्भूमिपतेर्दयो भागः पिण्डकः कथ्यते, स च भूम्युत्कर्षापकर्षक्लेश लाघवगौरवापेक्षया निर्धारितमानिकाप्रमाणेन गृह्यते स्म ।

**नेपाली अनुवाद**

संवत् ४०७ (वि.सं. ५४३) असार महीना शुक्लपक्ष परेवाको दिन-

देवाधिदेव महादेवका आज्ञाले निर्दन्तक नामका एक गण यस पृथ्वीलोकमा पोलेको सुन जस्तो उज्यालो स्वच्छ छवि भएको लिच्छविराजकुलमा जन्म लिन आए, संसारको हित-लोकरक्षाको लागि स्वयं ब्रम्हाजीले नै यिनलाई सृष्टि गरेका हुन् । यिनको शरीरको प्रमाण नौ बित्ता (वितस्ति) अग्लो छ । यिनको छाती मनि (अलितल) चक्र चिह्न छ । द्यौताले नै बनाइदिएको यो चक्र चिन्ह अत्यन्तै सुहाएको छ । जो यिनी पुण्यकर्मको लागि ब्राम्हणरूपी खेतको मुहानमा सदादिन धेरै धेरै सुनरूपी जल (सुनपानी) बर्साइरहन्छन्, अथवा केदार आदि ब्राम्हणहरूलाई दिनैपिछे सुनदान दिइरहन्छन् । धेरै सत्कर्मले कीर्ति फैलिएका त्यस्ता ती महान् राजा मानदेवको भलो भइरहोस्, पुण्य पनि बढिरहोस् भन्ने कामना गर्दै यस लोकमा आफू पनि सांसारिक दुःखको भयबाट त्रस्त हुँदै (बनियाँका नाइके) सार्थवाहका छोरा विमलसंघले जन्म जरा मरण तीनवटा दुःखबाट छुट्कारा (मोक्ष) मिलोस् भन्नका लागि राजाका पाउको बिगाहबाट भक्तिपूर्वक सबै लोकको कल्याण गर्ने शिवजीको स्थापना गरे । (गुठीको लागि शिवजीमा अर्पण गरिएका) खेत-जस्तो-बोशिङ्ग्राम (बोसीगाउँ) को दक्षिणतिरको प्रदेशमा दुईशय २०० भूमि, फेरि त्यहीं पचास ५० भूमि, दयितापल्लिप्रदेशमा असी ८० भूमि, थेम्मुङ्ग्राम (ठिमीगाउँ) देखि पूर्व्वको प्रदेशमा दुईशय २०० भूमि, फेरि त्यहीं पचास ५० भूमि ।

## व्याख्या

यो अभिलेख शकसंवत् ४०७ असारमा सार्थवाहका छोरा विमल सङ्घले शिवलिङ्ग स्थापना गरी त्यसकै जलहरीमा कुँदिएको हो । यसको आठ वर्ष अघि शकसवत् ३९९ असारमा सार्थवाह रत्नसङ्घले यस्तै अभिलेखयुक्त शिवलिङ्ग आफ्नै नाउँमा स्थापना गरेका थिए भने त्यसको तीन वर्षपछि शकसंवत् ४०२ मा पनि यिनै रत्नसङ्घले बाबु प्रभुसङ्घको नाउँमा प्रभुकेश्वर शिवलिङ्ग यहीँ नजीकै स्थापना गरेका थिए । त्यसै वेला सँगसँगै जस्तो राखिएको विमलसङ्घको यो अभिलेख अहिले प्राप्त भयो । यहाँ नाम उल्लिखित नभएपनि अन्तको हिसाबले यसलाई विमलेश्वर शिललिङ्ग भन्न सकिन्छ । बाबुकै नाउँमा राखेको भए पनि यिनका बाबु पनि संघान्त नामधारी नै थिए होलान् । यिनीहरूको नामान्तमा आएको सङ्घशब्द बौद्ध धर्मसङ्घको अनुसार आएको हो कि भन्ने अनुमान पनि नगरिएको होइन । परन्तु यो सङ्घपद बौद्ध धर्मानुसारी नभएर गणवाची हो भन्ने कुरा प्राचीनकालको इतिहास हेर्दा थाहा हुन्छ । प्राचीन मौर्यकालमा धेरैथरि सङ्घ रहेका थिए, तिनीहरू आफ्नो आफ्नो कर्म पेशासँग सम्बद्ध भएर सङ्घको रूपमा रहन्थे । लिच्छवि, वृजिक (यसभित्र अरू गण पनि समाहित थिए), मल्ल, मद्रक, कुरु, पञ्चाल आदि गणजातिका सङ्घहरू राजशब्दधारी भएर बनेका थिए । अरू आयुधजीवी कृषिजीवी पशुजीवी सार्थवाह (बेपारी)-वाणिज्योप जीवीहरू विभिन्न श्रेणी वा संघमा आवद्ध भएर रहन्थे[८] । गुप्त साम्राज्यमा पनि मालव अर्जुनायन यौधेय माद्रक आमीर प्रार्जुन सनकानीक काक खरपरिक आदि धेरै गणहरू सङ्घवद्ध थिए ।[९]

यस्तै वेपारीका संघमुख्य (नाइके) हाम्रा देशमा पनि थिए । तिनले आफ्ना नामको अन्त्यमा आफ्नो सङ्गटनको पहिचान दिने लोकप्रिय सङ्घ उपपद लिने गरेका थिए ।

एकजना बेपारी नाइके गुहमित्रले इन्द्र नामक सूर्यमूर्ति स्थापना गरी गुठी राखेर टेवहालमा अभिलेख राखेका थिए । उनले आफूलाई बेपारीका नायक (वणिजां सार्थवाह) भनेका छन् ।[१०] ठीक यसैवेला भारतका गुप्तसम्राट् कुमार गुप्तको पालामा (ग्वालियर) मन्दसोरमा वेपारी-जुलाहाहरूको एक श्रेणी थियो । तिनीहरू पारदर्शी रेशम कपडा बुन्ने हुँदा संसारभरी प्रसिद्ध थिए । त्यस्तो रेशम कपडाको कारोबार गर्ने यो तन्तुवाय श्रेणीले दशपुर (मन्दसोर) मा सूर्यमूर्ति स्थापना गरेका थिए ।[११] नेपालमा पछिल्लो कालमा पनि वेपारीहरूले सूर्यमूर्ति शिवमूर्ति स्थापना गरेका उदाहरण मिल्छन् ।[१२]

## मानदेवको कुल शील स्वभाव

यस अभिलेखबाट मानदेवका बारेमा धेरै अप्रकाशित कुरा खुल्न आउँछन् । मानदेवका र उनका पालाका अभिलेखहरूले उनको शील स्वभाव रूप सौन्दर्यको मुक्त कण्ठले प्रशंसा गरेका छन् । अन्त उल्लेख नभएका यस शिलालेखमा विशेष रूपले वर्णन गरिएका केही कुराको समीक्षा गर्नु प्रासङ्गिक ठानी म अहिले त्यसतर्फ पाठकको ध्यान आकृष्ट गर्न चाहन्छु । पहिलो नौलो कुरा यहाँ यस्तो देखिन्छ- मानदेव अघिल्लो जुनीमा महादेवका गणमुख्य थिए, कुनै कारणवश महादेवले उनलाई मर्त्यलोकमा गएर जन्म लिनू भन्ने आदेश दिए, त्यसै कारण ती देवगण पृथिवीलोकमा जन्म लिन आउँदा राजकुलमै जन्म लिन पाए, ब्रम्हाजीले यिनलाई जगत्को पालना गर्न भनेर सृष्टि गराएका हुन्, यिनी देवतुल्यै छन् भन्ने उल्लेख यस अभिलेखमा गरिएको छ -

अर्को कुरा संशोधन मण्डलद्वारा अभिलेख संग्रहमा मानदेवकी महारानी भोगिनीपट्टिकी छोरी विजयवतीको सूर्यघाटको अभिलेख प्रकाश नहोउन्जेल मानदेव लिच्छविवंशका हुन् कि होइनन् भन्ने शङ्कै थियो । उनको प्रशस्ति कुँदिएको चाँगुको स्तम्भलेखमा त्यसपछिका अभिलेखमा पनि वंशको उल्लेख गरिएको नहुँदा र अंशुवर्मापछि शक्तिसम्पन्न भएका राजाहरूले मात्र आफ्नो वंश लिच्छवि हो भनी लेखेको देखेर होला, कतिपय इतिहासकारले पछिका तिनीहरूले मानदेवहरूसँग आफू लिच्छविवंशका हौं भनी वंशवृक्ष जोड्न पुगेका हुन् भन्ने तर्क निकालेका थिए । सूर्यघाटको अभिलेखमा विजयवतीले आफ्नो पितृकुल लिच्छवि हो भन्ने स्पष्ट खुलाउँदै बाबुलाई "लिच्छविकुलरूपी आकाशमा पूर्ण चन्द्रमा जस्ता *(लिच्छविकुलाम्बरपूर्णचन्द्र)* बाबाले आफ्नै जस्ता अनेक सद्‌गुण भएकी छोरी मलाई जन्माउनु भयो" भनी लखेको हुँदा पहिलेका मानदेव लगायत राजाहरूको वंश पनि लिच्छवि नै थियो भन्ने ज्ञात भइसकेको थियो ।[१३] यसभन्दा वीस वर्ष पहिल्यै मानदेवकै पालाको विमलसंघको यस अभिलेखमा उनलाई लिच्छविवंशमा जन्मेका (कुले ९ भिजज्ञे भुवि लिच्छवीनाम्) भनी लेखिएको पाइयो, यो पनि नयाँ कुरा हो ।

राजा मानदेवको वर्णन गर्दै उनका र उनका समयका अभिलेखहरूमा लेखिएको छ । - "राजा मानदेव बलपराक्रम धैर्य बढेका, सहनशील, प्रजामा प्रेम गर्ने, आफ्नो बढाइँ नगर्ने, सबैसँग मुसुक्क नहाँसी नबोल्ने, शक्तिशाली भएपनि घमण्ड नगर्ने, व्यवहार बुझेका, गरीब दुःखी जनलाई प्यारो गर्ने, अतिथि सत्कार गर्ने, शत्रुविजयी, शस्रास्र चलाउन सिपालु हुँदा पुरुषार्थ जाहेर भएका, धर्मयुद्धले शत्रु जितेका, विद्याले विद्वान्‌लाई दानधर्म, यज्ञयागादिले द्यौतालाई, धनदौलत दिएर आशामुखीलाई खुशी

पार्ने न्यायपूर्वक छोरा जस्तै गरी प्रजाको पालना गर्न, गुणी दानी आदि बखान मानदेव राजाको गरिएको छ।[१४] यिनमा कति गुण सही पनि थिए होलान् कति वढप्पन देखाउन बखान गर्दा फुँदा पनि जोडिएका हुनन्।

परन्तु यज्ञयगादि दान धर्म गरेका कुरामा चाहिं उनका र उनका पालामा बनेका मन्दिर मूर्तिहरू देख्ता देशविजयको अभियान हेर्दा पनि यिनमा धेरै कुरा सही नै देखिन आउँछन्। ब्राम्हणहरूलाई धेरै अक्षय दान दिने, (खलु धनं प्रासाद् द्विजेभ्योक्षयम्)।[१५] पात्रमा पानी सह्रह धन वर्षाउने (पात्रदानाम्बुवर्षी)।[१६] आदि कुरा आफैले लेखेका छन्। अरूले पनि यस्तै दुःखी गरीवगुरुवाहरूमा हेरचाह गरेको ब्राम्हणहरूलाई दान दिएको कुरा वारंवार उल्लेख गरेका छन्। यिनै विमलसङ्घले पनि 'खेतका मुहानमा पानीको भेल लाए सह्रह वाहुनहरूमा धनको ओइरो लाइदिने[१७], राजाको रूपमा बयान गरेका छन्।

यस्ता कुरा ता हरेक राजा महाराजका प्रशस्तिमा प्रशस्तिकार हरूले कुँदाएका हुन्छन्, कति सही सत्य होलान्, कति फुँदा जोरेका पनि होलान्, यो चाहिं मैले प्रसङ्गवश मात्र उल्लेख गरेको हुँ। साँच्चै विमलसंघले यस अभिलेखमा मानदेवको शारीरिक वनावटको बारेमा अरू पनि अचम्म लाग्दा चर्चा गरेका हुँदा त्यससम्वन्धमा चाहिँ गौड गरेर हेर्नुपरेको छ-

## मानदेवको शारीरिक सौन्दर्य र वर्ण

मानदेवका आफ्ना र अरूका अभिलेखमा ज्यादै राम्रो शरीर मिलेका, कामदेव जस्तै सुन्दर रूपान्वित आदि वर्णन गरिएको छ।[१८] उनका राम्रा हात (श्रीमच्चारुभुजः) मोटो काँध, आँखा चाहिँ नीलकमलको फूलका पत्ता भन्दा पनि सुन्दर (विकचासितोत्पलदलप्रस्पर्द्धमानेक्षणः) शरीरको बनावट ज्यादै मिलेको र सौन्दर्य पनि कामदेवको जस्तो भएको हुँदा सुन्दरीहरू लोभिनेखालको थियो भनिएको छ, हात्तीका सूँढ जस्ता लामा हात, मोटो काँध, जुल्पी पालेको शिर, कमल जस्ता आँखा आदि आदि वर्णन सामान्य हो, बयान गर्नु पर्दा धेरै जसो यस्तै हुन्छ। एकदुई कुरा चाहिँ यहाँ निकै चाख लाग्दा छन्- उनको जीउको वर्ण कस्तो थियो भन्दा चाहिँ सं ५२२ देखि ५४३ सम्मका तीनवटा अभिलेखमा एकै स्वरले एकैनासको वयान गरिएको देखिन्छ। मानदेवले आफैले आफ्नो वर्ण - *'प्रमृष्टकनक लक्ष्णावदातच्छविः'*[२०] - 'पोलेको सुन जस्तो मिहिनसफा छ' भनेर लेखे। उनकी रानी क्षेमसुन्दरीले *'विशुद्धकाञ्चनवपुः'*[२१]- 'शुद्ध सुन जस्तो सफा जीऊ' भएका भनिन्। हाल प्राप्त यस अभिलेखमा विमलसङ्घले अलिक स्पष्ट पार्दै यस्तै पद प्रयोग गरे, तर मानदेवलाई मात्र होइन, मानदेवको कुलकै रङ्ग यस्तो छ भनी लेखे, जस्तो -'सन्तप्तजाम्बूनदसिन्धुवर्णे कुलेभिजज्ञे भुवि लिच्छवीनाम्'-[२२] पृथ्वीलोकमा लिच्छविहरूको पोलेको सुनजस्तो वर्ण भएको स्वच्छ कुलमा जन्मे' भन्दा मानदेव मात्र होइन उनका कुलपुर्खाको नै रङ्ग सफा गोरो वर्ण थियो भन्नुपर्ने हुन्छ। यसभन्दा धेरै वर्षपछिका राजा जयदेवले पनि लिच्छवि वंशको वर्णन गर्दा चन्द्रमाका कलासँग (चन्द्रकलाकलापधवलः) तथा गङ्गाजीको जल प्रवाहसँग तुलना (गङ्गाप्रवाहोपम)[२३] गरेका छन् चन्द्रमाको कला पनि सुनकै रङ्गको हुन्छ, गङ्गाको प्रवाह चाहिं सेतो सफा मात्र हुन्छ।

सुवर्ण भनेपनि चन्द्रकला भनेपनि पहेलो पहेलो नै रङ्ग हुन्छ, झन् पोलेका सुन त झझर पहेलो नै हुन्छ। धनवज्रले वाना लाएको सुन जस्तो भने र व्याख्यामा चाहिं, 'गहुँगोरो' भन्ने गरेका थिए।[२४] सुन जस्तो वर्ण कसरी गहुँगोरो हुन्छ, गहुँ गोरो भनेको रछाहरछाह परेको अर्थात् राता वर्णको मान्छेलाई गहुँगोरो भनिन्छ। कालो कालो मान्छेले सुद्ध आफुलाई गहुँगोरो भनी लेखेको पाइन्छ। यो कसरी मिल्ला भन्ने शङ्का मलाई थियो। सेतो छालाको मान्छेले त आफूलाई गोरै लेख्छ। यस अभिलेखमा विमलसङ्घले 'पोलेको सुनजस्तो वर्णको' भन्दा 'जाम्बूनद' भन्ने प्रयोग गरे। जाम्बूनद सुन पहेलो भएपनि रछाहरछाह परेको नै हुन्छ।[२५] त्यसकारण यो चाहिं पद मानदेवको वा उनका कुलको वर्णन गर्दा मिल्दोजुल्दो देखिन्छ।

## देहप्रमाण

काव्यमा नायक नायिकाको अभिलेखमा अभिलेख राख्न लाउँने राजा महाराज वा श्रीमान्हरूको वर्णन मुख्य रूपले वढाइचढाइ गरिएको हुन्छ, तिनका नखकेशलगायत अङ्गप्रत्यङ्गको शरीर लक्षण मिल्दो गरी नानाभाँति उपमा दिएर वखान गरिएको हुन्छ। जीउ डाल रङ्ग दुव्लो पातलो कालो गोरो आदि त सामान्य भइगए। कामदेव रति आकाश चन्द्र, सूर्य, पृथ्वी नदी, सागर चन्द्र तारा मोती मणि कमल फूल पात इन्द्र, विष्णु सिंह, हस्ती मृग शुगा मैना आदि प्राकृतिक वस्तु, र देवमनुष्य प्राणीहरूसँग तुलना गरेर उपमा दिएको हुन्छ, यसरी वर्ण्य पात्र नायकको शारीरिक सौन्दर्य वनावट दुव्लो पातलो मोटो घाटो आदि ता यस्ता प्रशस्तिमा काव्य साहित्यमा हामीले प्रशस्तै पढेका छौं, पाएका छौं। शरीरको तौल कति छ भन्ने कुरा पनि श्रीमान्हरूले तुलादान गर्दा शरीरको वजन प्रमाण वरावरी स्वर्णादि मूल्यवन् धातु दिनुपर्ने हुँदा रेटघोट गरेर जीउ जोखिन्थ्यो नै, त्यसबाट शरीरको तौल ज्ञान गर्ने चलन पनि प्रचलनमै आएको थियो। आजभोलि मानिसको आफ्ना जीउको तौल र उचाइ पनि लिने चलन साधारण छ। उचाइ त

आफ्नो परिचयमा उल्लिखितै गरिन्छ । असाधारण परिचयका लागि आफ्ना जीउमा रहेको कोठी आदि चिन्हलाई पनि अङ्कित गरिन्छ । जीउडालबारे चाहिँ पहिले मानदेवको जीउ कति पनि बाङ्गोटिङ्गो नभएको टक्क राम्रो सोझो थियो भन्ने बयान पाइएको थियो ।[२६] विमलसङ्घको यस शिलालेखमा अहिलेसम्म हामीले नसुनेको एक अचम्म लाग्दो कुराको सूचना दिएको पाउँछौं । यस्तो सूचना लिच्छविकालका दुई शयभन्दा बढी अभिलेखमा त पाइएको छैन, अन्यन्त्र पनि सायदै यस्तो सूचना दिइएको होला । सो के भने यहाँ मानदेवको त्यस्तो सुन्दर शरीरको उचाइको पनि उल्लेख गरिएको छ- मानदेवको बयानमा उनको उचाइ 'नव किष्कुमात्र'छ[२७] भनिएको छ । किष्कुको पर्याय वितस्ति (बित्ता) हुन्छ । दुई वितस्ति एक हात हुन आउँछ । यसो हुँदा उनको उचाइ असाधारण हुन जान्छ । हस्तको पर्यायमा किष्कु पनि भनिएको छ । बित्ताको पनि त्यस वेला नापो कसरी लिइन्थ्यो भन्ने कुरा यहाँ विचारणीय छ । आजभोलि वित्ताको नापो लिदा बूढी औंला र सबैभन्दा लामो माझी औंलाको विस्तारबाट लिन्छ । यस्तो दुई बित्ताको एक हस्त (हात) हुन आउँछ । यसरी हेर्दा उनी ९ बित्ता वा साढे चार हात अग्ला थिए भन्नुपर्ने हुन्छ । यो कुरा बिलकुलै असम्भव हुन आउँछ । लिच्छविकालका मान्छे यति अग्ला थिए भन्न सकिँदैन । त्यस कारण आजभोलि चलेको बित्ताको प्रमाण लिन सम्भव भएन ।

प्राचीन कोशले दिएको अर्थलाई यहाँ हेर्नु आवश्यक छ । अङ्गुष्ठ-बूढी औंलो र तर्जनी - चोरी औंलोको विस्तार प्रादेश अर्थात् एक कुरेत हुन्छ । अङ्गुष्ठ र माझी औंलाको विस्तार ताल (अहिले चलेको वित्ता) हुन्छ । अङ्गुष्ठ र अनामिका (साहिली औंलो) को विस्तार गोकर्ण (गाईको कान बराबर) कहिन्छ । अङ्गुष्ठ र कनिष्ठिका (कान्छी औंला) को विस्तार वितस्ति (बित्ता) कहिन्छ ।[२८] हातका पाँच औंला मध्ये छोटा छोटा औंला पनि यिनै हुन् । यिनै नापोमा आजभोलि चलेको बित्तामा सामान्यतः एक अङ्गुल घटाउँदा त्यस वेलाको बित्ता बुझ्नुपर्ने देखिन्छ । यसरी विचार गर्दा मानदेवको उचाइ आज भोलिको भाषामा ६ फूट चानचुन हुन आउँछ । यो उचाइ पनि साधारण मान्छेको भन्दा विशेष प्रकारकै भन्नुपर्ने हुन्छ । यसै भएर नै विमलसङ्घले उनको उचाइको महत्त्व दर्शाएका होलान् । अन्त पनि उनका हातको वर्णन गर्दा हात्तीका सूँढ जस्ता लम्राङ्ग लामा भन्ने गरिएको छ ।[२९]

हुन पनि हाम्रा विमलसङ्घले मानदेवलाई देवांशकै रूपमा चित्रित गरेका छन्- जस्तो देवताका पनि देवता महादेवका निर्दन्तक नामका गणले कुनै कारणवश महादेवकै आदेशले मनुष्य लोकमा गएर मनुष्यजुनिमा जन्म लिनुपर्‍यो ।[३०] ब्रम्हाजीको निगाहले गर्दा उनी ठूलो अभिजात्यवर्गमा राजकुलमा जन्म लिन पाए ।[३१] यसैले उनी बत्तीस लक्षणयुक्त सर्वगुणसम्पन्न थिए भने, औ शरीरको उचाई पनि असाधारण थियो - अर्को कुरा पनि खुल्न आयो । अरू रूप रङ्ग शारीरिक बनावट पनि अन्त्यन्त सौन्दर्य शोभायुक्त बन्न गयो भन्ने भाव उनको थियो । विशेषतः उनको छातीमुनि पेटमा जन्मदै भगवान्ले बनाइदिएको चक्रचिन्ह अङ्कित थियो ।[३२] यसबाट विमलसंघले श्रीवत्स चिन्हले अङ्कित विष्णुको छातीको संस्मरण गराएका छन् । यो उनको चक्रचिन्ह भनेको फनफन घुमेको सुन्दर भुँवरीलाई लक्षित गरेको बुझिन्छ । यो पनि अर्को उनको शारीरिक असाधारण बनावट झल्केको र देवांशत्व द्योतक चिन्ह देखिएको भन्ने संकेत पनि गरिएको बुझिन्छ । यस व्याख्याबाट यस अभिलेखले भनेको र भन्न खोजेको कुरा के के रहेछन् भन्ने स्पष्ट खुल्न आएको छ । अन्त नदेखिएका मानदेवको बारेमा नौला कुरा यी हुँदा विशेष चर्चा गरिएको पनि हो ।

## भूमि पिण्डक मानिका

विमलसङ्घका बाबु सार्थवाह श्रेणीका नायक थिए । यिनीहरू निकै धनाढ्य बेपारी थिए । यसैले विमलसङ्घले स्थापना गरेका यस शिवालयको पूजा सम्भारका लागि ५८० भूमि परिमाणको जग्गा गूठी राखेका थिए । एक भूमि भनेको एक रोपनी जग्गा हुन आउँछ ।[३३] यसबाट कति आयस्ता आउँथ्यो, त्यो चाहिं यसमा खुलाएको छैन ।

यिनीभन्दा पनि अलवल्य धनी सार्थवाह रत्नसंघ थिए । यिनले आफ्नो नाउँमा एक बाबुको नाउँमा एक गरी दुईवटा शिवालय स्थापना गरेका थिए । बाबु प्रभुसङ्घको नाउँको प्रभुकेश्वर शिवालयमा चाहिँ अलिक थोरै ४५० मात्रै भूमि गूठी राखेका, थिए ।[३४] आफ्नो नाउँको रत्नेश्वर शिवालयमा चाहिँ पाटन भक्तपुर, कान्तिपुरका विभिन्न ठाउँमा गरी जम्मा २५७० भूमि जग्गा गूठी राखेका थिए ।[३५] भूमिलाई रोपनीबाट हिसाब गर्दा पनि २५७० रोपनी जग्गा ठहर्न आउँछ । यसरी रत्नसङ्घले स्थापना गरेका आफ्नो र बाबुको नाउँको २ शिवालयमा राखेको गूठी जग्गा तीन हजार बीस रोपनी हुन आउँछ । दुईवटा देवालयमा यतिको धेरै गूठी राख्न सक्ने, वेपारी नायकले अरू देवालय पनि बनाए हुन्, अरू धर्मकर्म पनि गरे हुन्, यसरी विचार गर्दा धर्म कर्ममै यतिको खर्च गर्न सक्ने यी सेठ कति धनधान्यसम्पन्न कति ठूलो मनकारी महाजन रहेछन् भनी ठम्याउँन पनि सोझैं सकिन्छ र यस बेलाको सामाजिक अवस्था पनि केही झल्कन्छ ।

यहाँ प्रभुकेश्वरको गूठी जग्गाबाट आउँने पिण्डक धान आयस्ता पनि खुलाएको छ । रत्नेश्वर र विमलेश्वरको गूठीको चाहिं

आयस्ता खुलाएको छैन, पिण्डक भनेको कुत आयस्ता हो। त्यस वेलाको मानिका भनेको पनि मुरी भन्ने अर्थ बुझ्नुपर्छ।[३६] जग्गाको अब्बल दोयम सिम चाहारका हिसाबले कतै शय रोपनी जग्गामा शयै मुरी धान अर्थात् शतप्रतिशत नै लिएको देखिन्छ, कतै कम्सल जग्गा परेर होला चालीस प्रतिशत मात्र अर्थात् शय रोपनीमा चालीस मुरी मात्र धान आयस्ता लिएको पाइन्छ।[३७] यसरी हेर्दा रत्नेश्वरका दुईवटा शिवालयको वार्षिक आयस्ता पन्ध्र शयदेखि दुई हजार मुरीसम्म आउने देखियो भने विमल सङ्घको शिवालयको आयस्ता पनि तीन साढे तीन शय मुरी धान आउने देखियो।

समयको फेरबदल हुँदै आउँदा अहिले सारा देवदेवीका प्राय: गुठीजग्गा अपहरण भइसकेका छन्। उपर्युक्त रत्नेश्वर प्रभुकेश्वर विमलेश्वरलाई र यिनको ऐश्वर्यलाई हेर्दा पनि आज हामी अचम्मित हुन्छौं। तीन हजार छ शय रोपनीका अधिपति यी महादेवहरू अहिले घरविहीन बनेर चार आना जगाका मालिक बन्न आए। ६ शय जति भूमिका भूमिपति विमलेश्वर त झन् भूमिहीन सुकुम्बासी बनेर यत्तिका समयसम्म दबिएर अहिले रत्नेश्वरको आश्रयमा आएर लेपासिएर आफ्नो अस्तित्व देखाएर बचिरहेका छन्। त्यसैले अहिले हामी यतिसम्म ऐतिहासिक कुरा कोर्न हेर्न पाइरहेका छौं।

उपर्युक्त विवरणबाट सुदर्शनराज तिवारीले पढेको पाठमा अर्थ व्याख्या गराइमा पनि शतांशमा एक अंश पनि भेट नखाएको र एक रति पनि सार नभएको देखियो, राजवंशीको अर्थ गराइमा पनि निकै उल्पापाल्टी परेको कुरा खुल्न आयो।[३८]

यस निबन्धबाट अभिलेखले भन्न खोजेको विषय यथार्थ प्रकट भई राजा मानदेवको बारेमा र तात्कालिक सामाजिक स्थितिमा पनि केही नयाँ सही कुरा पाठकहरूको मनमा चढाउन पाएकोमा मलाई पनि केही मात्रामा आत्मसन्तुष्टि मिलेको छ।

## टिप्पणी

१) धनवज्र बज्राचार्य - लिच्छविकालको अभिलेख, नेपाल तथा एशियाली अनुसन्धान संस्थान, त्रि.वि, २०३०।५०-५१ पृ.
२) उही ५५-५६ पृ.
३) पुरातत्त्व विभाग, गोरखापत्र, २०५७ वैशाख ३० गते
४) सुदर्शनराज तिवारी, सम्पादकलाई चिठी, गोरखापत्र २०५७ जेष्ठ ७ गते
५) श्यामसुन्दर राजवंशी, रोलम्ब पत्रिका, मिलिनियम् इस्यु.भा. २०, २०००ई. जनवरी-जुन। १८० पृ.
६) तिवारी - ब्रिक एण्ड बुल (अन् एकाउण्न्ट् अफ् हाडिगाउँ द एन्सेन्ट क्यापिटल् अफ् नेपाल) १३८-३९, पृ. तथा १४६ पृ.
७) राजवंशी - प्राचीन नेपाल, १५३ सं. २०६० असार, ४३-५६ पृ.
८) "काम्बोजसुराष्ट्रक्षत्रियश्रेण्यादयो वार्ताशस्त्रोपजीविनः। लिच्छिविकव्रजिक मल्लक-मद्र कुरु-पञ्चालादयो राजशब्दोपजीविन :।"
कौटलीय अर्थशास्त्र, संघवृत्त ११।१।१६०
९) दिनेशचन्द्र सरकार - सेलेक्ट इन्स्कृप्सन्स् १/२५७-८ पृ.
१०) लिच्छविकालका अभिलेख ५९-६० पृ.
११) सेलेक्ट इन्स्कृप्सन्स् १/२८९-९७ पृ.
स्कन्द गुप्तको पालामा पनि दिल्ली नजीकै इन्दोर (इन्द्रपुर)मा दुई बनियाँले सूर्यमन्दिर बनाएको देवविष्णु ब्राम्हणले अक्षयनीवी राखेको त्यसको आयबाट सो सूर्य मन्दिरमा अखण्डदीपप्रज्वलनका लागि तेलीहरूको श्रेणी-मुख्य (तैलिक श्रेणीप्रवर) जीवन्तले दिनहुँ तेल दिने व्यवस्था गरिएको ताम्रपत्र पाइन्छ।
१२) लि.अभिलेख ६० पृ.
१३) संशोधनमण्डल - अभिलेख संग्रह १ भाग।
दिनेशराज पन्त, मानदेवको वंश, पूर्णिमा १ पृ.
१४) लिच्छविकालका अभिखेल १२ पृ.
१५) उही १३ पृ.
१६) उही ३ पृ.
१७) विमलसङ्घको यहीं प्रकाशित अभिलेख तेस्रो श्लोक पहिलो आधी
१८) लि. अभिलेख १२ र १७९ पृ.
१९) उही
२०) उही १२ पृ.
२१) उही ३९ पृ.
२२) यही विमलसङ्घको अभिलेख प्रथम श्लोक चौथो पाउ
२३) लि. अभिलेख, ५४९ पृ.
२४) उही ३० पृ.
२५) "जाम्बूनदं शातकुम्भं हाटकं.....
............. च सुवर्णम्। किञ्जल्कवर्णं मृदु
स्निग्धमनादि भ्राजिष्णु च श्रेष्ठम्।
रक्तपीतकं मध्यम्।

"सुन-पाँचथरी रङ्गको हुन्छ - (१) जाम्बूनद-जम्बूनदीबाट निस्केको जामुनफलको रस जस्तो रङ्ग भएको, (२) शातकुम्भ, शतकुम्भपर्वतबाट निस्केको कमलको केशर जस्तो रङ्ग भएको, (३) हाटक-हाटक खानिबाट निस्केको कुरण्टक फूल जस्तो पहेलो रङ्ग भएको ........... कमलको केशर जस्तो रङ्ग भएको, नरम, मसिनो पोल्दा आवाज नआउने चहकिलो सुन उत्तम, रातो-रातो-पहेलो रङ्ग भएको मध्यम, र रातो रङ्गको कंसल मानिन्छ।.... कौ अर्थशास्त्र २ अधि १३ अ. ३१ प्र.।